
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेन्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस १७ गते आइतबार ❑ 1 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## पोखरा विमानस्थलको आज भव्य उद्घाटन हुने

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

राष्ट्रिय गौरवको योजना पोखरा अन्तराष्ट्रिय विमानस्थल आइतबार (पुष १७/जनवरी १ तारिख) देखि संचालनमा आउने भएको छ ।

पोखरा विमानस्थलको भव्य रुपमा आतासवाजी सहित आइतबार उद्घाटन हुने तयारी गरिएको पोखराका मेयर धनराज आचार्यले शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएका हुन् । पोखरा विमानस्थलको उद्घाटन गर्ने जिम्मा पाएको पोखरा महानगरले आइतबार स्थानिय बिदा दिदै सम्पुर्ण पोखरेलीहरुलाई भव्य रुपमा हुने उद्घाटन सत्रमा आफ्नो भेष भुषा सहित सहभागिताको लागि अनुरोध गरेको छ । पोखराका मेयर आचार्यले पर्यटन सम्बद्ध संघ संस्था सहित विभिन्न संघ संस्था तथा सम्पूर्ण पोखरेलीहरुलाई उक्त समारोहमा सहभागिताको लागि आग्रह गरेका छन् ।

पोखराको अम्मरसिंह चोकमा बिहान १०:०० भेला भई विभिन्न जनजातिको भेषभुषामा झाँकी सहितको र्‍याली पोखरा विमानस्थलको उद्घाटन समारोहमा पुगेर समापन हुने तयारी गरिएको महानगरले जनाएको छ । विहान



देखि सुरु हुने उद्घाटन सत्र साँझमा आतसवाजी फोसन सो विभिन्न सांस्कृतिक कार्यक्रमहरु समेत प्रर्दशन हुने भएको मेयर आचार्यले जनाए ।

पोखरा विमानस्थलको उद्घाटन कार्यक्रमलाई सफल पार्न महानगरले विमानस्थलको मुल गेट वरिपरी क्षेत्रमा रहेका निर्माण सामाग्रिहरु क्रेन लगायर हटाएको छ । महानगरले केही दिन देखि पोखरा सफाई अभियान कार्यक्रम समेत आयोजना गरेको छ । पोखरा महानगरको पहलमा विमानस्थल देखि विमानस्थलको मुल गेटसम्म करिब १२ सय मिटर दुरीमा ३ मिनेटमा बस छुट्ने गरी व्यवस्था मिलाएको छ भने मुल गेटबाट करिब १० मिनेटमा छुट्ने गरी लेकसाइडसम्म जाने आउने व्यवस्था मिलाएको भएर आचार्यले जनाए । तत्कालिन अञ्चलाधिश पोखरा निर्माणमा अग्रणी भूमिका खेलका तथा पोखरा विमानस्थलका परिकल्पनाकार शंकरराज पाठकलाई बिषेश सम्मान गरिने भएको मेयर आचार्यले बताए ।

त्यस्तै पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पोखराबाट अन्तराष्ट्रिय हवाई गर्नुपर्नेमा आफुहरु सचेत भएको बताउदै त्यसको लागि आवश्यक पहल गर्ने बताए । यसैबिच, पोखरा विमानस्थलको निर्माण कार्य सकिए लगत्तै आइतबार देखि उक्त विमानस्थल संचालनमा ल्याउने तयारी गरिएको पोखरा विमानस्थल कार्यालयका प्रमुख विक्रम गौतमले बताए । पोखरा विमानस्थल संचालनमा कुनै बाधा नपुने गरी आवश्यक जनशक्ति सहित प्राविधिकहरुको व्यवस्थापन सहित साना तिना काम बाहेक सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको पोखरा महानगरले शनिबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा वोल्दै प्रमुख गौतमले बताए । अन्तराष्ट्रि हवाई उडानको लागि भने विभिन्न कम्पनीहरुसंग छलफल भई रहेको र हालसम्म हवाई रुटको अनुमति बाहिरबाट नपाएको कारण तत्काल उक्त विमानस्थलबाट अन्तराष्ट्रिय हवाई उडान नहुने उनले जनाए । हाल संचालनमा रहेको विमानस्थलबाट सानो जहाज, हेलिकोप्टर र अल्ट्रालाइडको मात्र हवाई उडान हुने भए पनि बाँकी सबै हवाई उडानहरु भने नयाँ विमानस्थलबाट हुने भएको सम्पूर्ण तयारी गरिएको प्रमुख गौतमले बताए । केही दिन अघि पोखराको बुद्ध, यति लगायतका एयरलायन्स कम्पनीहरुले पोखरा अन्तराष्ट्रिय विमानस्थलमा परिक्षण उडान (डेमो) समेत गरि सकेका छन् ।

मित्रराष्ट्र चीनको एक्जिम बैंकको रु २२ अर्ब सहुलियतपूर्ण ऋण र अनुदान सहयोगमा विमानस्थल निर्माण गरिएको हो । सो रकममध्ये २५ प्रतिशत रकमको ब्याज नलाग्ने र बाँकीको वार्षिक दुई प्रतिशतले ब्याज रकम भुक्तानी गनुपर्ने पोखरा अन्तर ष्ट्रिय विमानस्थल प्राधिकरणले जनाएको छ । विसं २०३२ मा विमानस्थलका लागि भनेर पहिलोपटक तीन हजार १०० रोपनी जमिन अधिग्रहण गरिएको थियो । जमिन अधिग्रहणको चार दशक पछि निर्माण प्रक्रिया सुरु भएको हो ।

## पोखरा महानगरमा आज बिदा, साँझ दीपावली गरिने

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

पोखरामा नवनिर्मित क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटनको अवसरमा आइतबार पोखरा महानगरपालिकामा बिदा दिइएको छ ।

महानगरले आज एक सूचना जारी गरी महानगरपालिका कार्यालय महाशाखा, शाखा ३३ वटै वडा कार्यालय तथा मातहतका सबै विद्यालय तथा शैक्षिक संघ संस्था बन्द हुने जनाएको छ ।

विमानस्थल उद्घाटन समारोहलाई भव्य बनाउन र व्यापक जनसहभागिता गराउन बिदा दिइएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, 'पाँच दशक लामो प्रतिक्षापछि विमानस्थल निर्माण सम्पन्न भएर उद्घाटन हुन पोखराका लागि उत्सव हो । पोखरेलीको साथ र सहयोगबाट निर्माण भएको विमानस्थलको उद्घाटन समारोहलाई भव्य बनाउन बिदा दिएका हौं ।'

महानगरले निजी क्षेत्रलाई बिदा दिएर उत्सवमा सहभागी हुन आग्रह गर्दै साँझ घरघरमा दीपावली गर्नका लागि महानगरवासीमा अनुरोध गरेको छ । विमानस्थल समुद्घाटन अघि महानगरले बिहान अमरसिंहचौरबाट विभिन्न जातजातिको झाँकी, मौलिक वेषभूषासहितको र्‍यालीको आयोजना गरिने जनाएको छ । पोखरा विमानस्थलको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भव्य समारोहका बीच उद्घाटन गर्ने कार्यक्रम रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

## सत्ता नहुँदैमा विचलित हुनुपर्दैन : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
दमौली, १६ पुस

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले बदलिँदो अवस्थामा कांग्रेस कार्यकर्ता निराश हुननपर्ने बताउनुभएको छ ।

तनहुँको भानु नगरपालिका-९ स्थित पुर्कोट कालिका क्याम्पसको शनिबार आयोजित १०औं साधारणसभामा उहाँले सत्ता नहुँदैमा निराश नहुन कांग्रेस कार्यकर्तालाई आग्रह गर्नुभयो । अहिलेको जस्तो अवस्था विगतमा पनि कांग्रेसले सामना गरेर आएको उल्लेख गर्दै पौडेलले भन्नुभयो, 'कांग्रेसले सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्छ ।' कार्यक्रममा गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विश्वकर्मा, प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठी लगायतले कांग्रेसले प्रतिपक्षीको सशक्त भूमिका निर्वाह गर्दै जनताको मन जित्न सक्नुपर्ने बताउनुभयो ।

## जसपाको मन्त्री छनोटको जिम्मा राजनीतिक समितिलाई

रासस
काठमाडौं, १६ पुस

जनता समाजवादी पार्टी (जसपा) नेपालले पार्टीका तर्फबाट सरकारमा सहभागी हुने मन्त्रीहरूको टुङ्गो लगाउन राजनीतिक समितिलाई जिम्मेवारी दिएको छ ।

जसपाको शनिबार बसेको कार्यकारिणी समितिको बैठकले सरकारमा सहभागी हुने मन्त्रीहरूको निर्णय गर्ने जिम्मा राजनीतिक समितिलाई दिएको सो पार्टीका प्रवक्ता मनिष सुमनले जानकारी दिनुभयो । जसपाले यही पुस १८ र १९ गते पार्टीको राजनीतिक समितिको बैठक बोलाएको छ । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई जसपाले समर्थन गरेको छ । ललितपुर स्थित पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा भएको बैठकमा निर्वाचनको समीक्षा गर्दै पार्टीको महाधिवेशन गर्नेबारे पनि विचार-विमर्श भएको जसपाले जनाएको छ । निर्वाचनको समीक्षा गर्न शिवलाल थापा नेतृत्वको तीन सदस्यीय समिति गठन गरेको छ ।

बैठकले पार्टीका तर्फबाट मधेस प्रदेशसभामा संसदीय दलको नेता चयनका लागि गठित तीन सदस्यीय समितिलाई अनुमोदन गरेको छ । लालकिशोर साहको संयोजकत्वमा गठित समितिको सदस्यमा दिनेश यादव र रवीन्द्र गिरी रहनुभएको छ ।

## अध्यक्ष नेपालद्वारा पार्टीलाई नयाँ शिराबाट अगाडि बढाउन प्रस्ताव

रासस
काठमाडौं, १६ पुस

नेकपा (एकीकृत समाजवादी)को स्थायी समितिको बैठक आइतबारसम्मका लागि स्थगित भएको छ ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा बसेको बैठकमा केही नेताले छलफलमा धारणा राख्न बाँकी रहेकाले बैठक स्थगित गरिएको हो ।

शनिबारको बैठकमा १८ जना नेताले आफ्नो धारणा राख्नुभएको थियो । वर्तमान सरकारलाई हेर्ने दृष्टिकोण, आगामी दिनका लागि रणनीति तथा सङ्गठन निर्माणका कार्ययोजना, वामपन्थी एकतासँग सम्बन्धित विषयमा विभिन्न कोणबाट छलफल गरिएको केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिनुभयो । शनिबारको बैठकमा नेकपा (एमाले)सँग एकता गर्ने विषयमा नेताहरुबीच मत भिन्नता देखिएको छ ।

बैठकको प्रारम्भमा अध्यक्ष नेपालले पछिल्लो पटक विकास भएको राजनीतिक घटनाक्रममा पार्टीले निर्वाह गर्ने भूमिकाका बारे धारणा राख्नुभएको थियो । उहाँले पार्टीको शक्ति सुदृढीकरणका लागि सशक्त एजेण्डाका साथ देशव्यापी अभियान अगाडि बढाउन नेताहरुलाई निर्देशन दिनुभयो । अध्यक्ष नेपालले पार्टीलाई नयाँ शिराबाट अगाडि बढाउने विषयमा गम्भीरतापूर्वक विचार राख्न नेतालाई आग्रह गर्नुभयो । पार्टीका सम्मानित नेता झलनाथ खनालले क्रान्तिकारी पार्टी निर्माणका लागि आवश्यक पर्ने वैचारिक र राजनीतिक हतियारलाई चुस्त, दुरुस्त पार्नुपर्नेमा जोड दिनुभयो । पार्टी सञ्चालनमा समग्र विषयको वृहत छलफल गर्नुपर्ने उहाँको भनाइ थियो । महासचिव डा बेदुराम भुसालले सङ्गठन निर्माण र पुनःताजगीका लागि प्रस्ताव पेस गर्नुभयो । पार्टीले पछिल्लो समय जनवर्गीय सङ्गठनका साथै प्रवासमा रहेका पार्टी निकट सङ्गठन, शुभेच्छुकसँग सुझाव लिएको छ । केहीले निर्वाचनमा जनताले प्रदान गरेको अभिमतबाट आफ्नो पार्टी प्रतिपक्षमा बसेर ढिलासुस्ती, भ्रष्टाचार, सामाजिक विकृतिका विरुद्ध क्रियाशील हुनुपर्ने, निर्वाचनमा पार्टीले उल्लेख्यता सफलता कायम गर्ने अपेक्षा गरिएकामा कम उपलब्धी हासिल भएकाले केहीले सरकारमा सहभागी भए पनि जनताको सेवा गर्दै सङ्गठन सुदृढीकरणमा लाग्नुपर्नेजस्ता सुझाव दिएका छन् ।


पोखरा महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
न्यूरोड, पोखरा

हार्दिक अनुरोध

राष्ट्रिय गौरवको परियोजना पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्युको समुपस्थितिमा यही पौष १७ गते (सन २०२३ जनवरी १) तारिकका दिन समुद्घाटन हुने भएकाले सो समारोहमा उत्साहजनक सहभागिताका लागि आम नगरबासी महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु । पोखराको अमरसिंह चोकबाट सांस्कृतिक झाँकी सहितको र्‍यालीसमेत हुने भएकाले आफ्नो पहिचान झल्कने पोसाकमा बिहान १०:०० बजे अमरसिंहचोकमा पाल्नुहुन पोखरा महानगर पालिकाको तर्फबाट सविनय अनुरोध गर्दछु ।

धनराज आचार्य
प्रमुख
पोखरा महानगरपालिका तथा परिवार



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेन्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# साविक विजेता एपिएफ सेमिफाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ पुस**

साविक विजेता विभागीय टोली सशस्त्र प्रहरीको नेपाल एपीएफ क्लब पोखरामा जारी २२ औ संस्करणको आहा ! रारा पोखरा गोल्डकप फुटवल प्रतियोगिताको सेमिफाइनलमा प्रबेश गरेको छ ।

शनिबार पोखरा रंगशालामा भएको पहिलो क्वाटरफाईनल खेलमा धरान फुटबल क्लवलाई २-० गोल अन्तरले पराजित गदै अन्तिम चारमा स्थान बनाएको हो । एपिएफको जितमा विकु तामाङ र युवराज खड्काले एक एक गोलको योगदान दिए । एपीएफले वाई पाएर सिधै क्वारफाईनल प्रबेश पाएको हो भने उद्घाटन खेलमा आयोजक सहारा क्लबलाई १-० गोल अन्तरले पराजित गदै धरानले क्वाटरफाईनलको यात्रा तय गरेको थियो । जित सगै फाईनल प्रबेशका लागि एपीएफले अर्को विभागीय नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र संकटा क्लब बिच १८ गते हुने खेलको विजेतासंग पुष २० गते भिड्नेछ ।

प्रतियोगितामा दुई टोलीको यो तेस्रो भेट हो । यस अघि ०६२ सालमा सम्पन्न चौथो संस्कणमा एपीएफले धरानलाई पराजित गरेको थियो भने ०७३ सालमा सम्पन्न १५ औ संस्करणमा धरानले एपीएफलाई पराजित गरेको थियो । एपीएफको जितमा खेलको ३७ औ मिनेटमा तामाङले पहिलो गोल गदै टोलीलाई अग्रता दिलाए । बुद्धिमान राईले दिएको लामो पासलाई खेलका म्यान अफ् दी म्याच समेत घोषित भएका तामाङले गोलरक्षक सौरब बराल विट भएको अवस्थामा डि बक्स भित्रबाट हल्का भर्ा गर्दै प्रहार गरेको बलले सिधै जाली चुम्यो । खेलमा अग्रता लिएको तीन मिनेट नवित्दै एपीएफले पुनः अर्को गोल थप्दै जित सुनिश्चत पार्‍यो । तामाङको प्रहार विपक्षी गोलरक्षक बराललाई लागेर फर्किएको सोही बललाई डिबक्स भित्रबाट युवराजले गोल गरेका हुन्। पहिलो हापमा २-० ले पछि परेको धरानले एपिएफसंग जित निकाल्न फलामको चिउरा चपाए सरी भयो । खेलको सुरुवाती चरणबाट एपीएफ केही हावी भएको थियो । जितपछि एपीएफका प्रशिक्षक रत्नकाजी मर्हजनले दोस्रो हापमा टोलीका खेलाडी ओभर कन्फिडेन्स भएर अलि केएरलेस भएर खेलेको बताए । हारपछि धरानका प्रशिक्षक सागर घिमिरेले विपक्षीले पाएको अवसर सदुपयोग हुनु तर आफ्नो सदुपयोग हुन नसकेको बताए । यसैबिच आईतबारको दोश्रो क्वाटरफाइनल खेलमा मच्छिन्द फुटबल क्लद र चर्च ब्वाइज युनाइटेड फुटबल क्लब बीच खेल हुने छ ।

# १९ औं माछापुच्छ्रे पोखरा ओपन टेनिसको उपाधि प्रदिप र अभिलाषाले जिते

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ पुस**



१९ औं माछापुच्छ्रे बैंक पोखरा ओपन टेनिस सिंगल्सतर्फको उपाधि नेपालका नं १ टेनिस खेलाडीद्वय प्रदिप खड्का र अभिलाषा विष्टले जितेका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजना तथा माछापुच्छ्रे बैंकको मुख्य प्रायोजनमा शनिबार सम्पन्न प्रतियोगिताको ओपन सिंगल्स मेन्स तर्फको उपाधि प्रदिप र उमेन्सतर्फ अभिलाषाले जितेका हुन् ।

शनिबार पोखरा रंगशालामा सम्पन्न मेन्स सिंगल्सतर्फको प्रतिष्पर्धात्मक खेलमा प्रदिपले प्रनभ खनाललाई २-१ ले जित्दै उपाधि जिते । खुट्टामा चोट बोकेका प्रदिपले पहिलो सेट ६-३ ले जित्दै प्रनभ माथी दबाव बनाउने प्रयास गरेका थिए । तर दोश्रो सेटमा प्रनभ खेलमा फर्किदैं १-६ ले जितेर प्रदिपलाई चुनौती पस्किएका थिए । सिंगल्सका उपाधि विजेता प्रदिप डबल्सतर्फको उपाधि बिजेता समेत हुन् । नेहाल जङ्ग बहादुर थापा र प्रदिपको जोडीले डबल्सतर्फ उपाधि जितेका थिए । तर अन्तिम सेटमा प्रदिपले ७-५ ले खेल जित्दै उपाधि सहित नगद ८० हजारका साथमा ट्रफी हात पारेका छन् । प्रदिप नवौं राष्ट्रिय खेलकुदका स्वर्ण पदक विजेता समेत हुन् । उपविजेता बन्न सफल प्रनभले नगद रु ४० हजार प्राप्त गरे । सेमीफाइनालिष्ट दुई रितिक राना र अकि जुवेन रावतले जनही नगद रु १०-१० हजारका साथमा प्रमाणपत्र प्राप्त गरेको प्रतियोगिताका संयोजक तथा कास्की टेनिसका उपाध्यक्ष नविन चालिसेले जनाएका छन् ।

यता उमेन्सतर्फ नेपालकी नं १ टेनिस खेलाडी अभिलाष विष्टले उपाधि सहित नगद रु ८० हजारका साथमा ट्रफी हात पारेकी छन् । सम्पन्न फाइनलमा अभिलाषाले सर्भानी श्रेष्ठलाई ६-२, ६-४ को सोभ्को सेटमा पराजित गरिन् । उपविजेता बन्न सफल सर्भानीले नगद ४० हजारका साथमा ट्रफी हात पार्दा सेमीफाइनालिष्ट दुई खेलाडी सुनिरा थापा प्रकृती श्रेष्ठ तेश्रो हुँदै जनही नगद रु १०-१० हजार प्राप्त गरेका छन् । यस्तै शनिबार नै सम्पन्न ३५ वर्ष माथीको मेन्स भेट्रान्स सिंगल्सको उपाधि जितेन्द्र परियारले जितेका छन् । जितेन्द्रले कमल भण्डारीलाई ६-० र ७-५ को सोभ्को सेटमा पराजित गरी उपाधि जितेका हुन् । उपाधि सहित जितेन्द्रले नगद रु ६० हजार हात पार्दा उपविजेता कमलले नगद रु ३० हजार प्राप्त गरेका छन् । १९ औं माछापुच्छ्रे टेनिस अन्तर्गत शनिबार सम्पन्न ४५ वर्ष माथी भेट्रान्स सिंगल्समा रोहित सुनुवार बिजयी भए । रोहितले बिमल गुरुङ विरुद्ध सुपर ट्राइ ब्रेकरमा फाइनलमा पराजित गरे । पहिलो सेट ६-४ ले जित्दै रोहितले आफ्नो पक्षमा पारे पनि दोश्रो सेट २-६ ले गुमाउन पुगे । अन्तिम सेटमा १०-४ ले जित्दै सो उमेर समुहको उपाधि सहित रोहितले नगद रु ४० हजार प्राप्त गर्दा बिमलले नगद रु २० हजार हात पार्न सफल भए ।

प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीको उपाधि भने सौगात बिकले हात पारेका छन् । उनले १९ औं माछापुच्छ्रे बैंक पोखरा ओपनतर्फ सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै प्रतियोगिताको 'मष्ट प्रोमिजिङ प्लेयर अफ द टुर्नामेण्ट'को उपाधि सहित करिव ३५ हजार पर्ने साइकल प्राप्त गरेका छन् । बिजेता खेलाडीहरुलाई माछापुच्छ्रे बैंकका पूर्व अध्यक्ष रोशन केसी, केसी ग्रुपका प्रवन्ध निर्देशक किरण केसी, नेपाल टेनिस संघका उपाध्यक्ष बिनोद कायस्थ, राजु श्रेष्ठलगायतले ट्रफी, नगद र प्रमाणपत्र वितरण गरेका थिए । समापन कार्यक्रममा बोल्दै माछापुच्छ्रे बैंकका पूर्व अध्यक्ष रोशन केसीले केसी ग्रुपले पोखराको खेलकुद र शिक्षाको क्षेत्रको विकासका लागि सहयोग गरिरहेको बताए । उनले भने-"हामीले अस्पताल बनाउनु भन्दा खेल मैदानको विकास र शिक्षालाई बढि प्राथमिकता दिएका छौं," केसीले थपे-"आफ्ना स्वर्गिय बुवा सूर्य बहादुर केसी कै प्रेरणाबाट हामीले त्यो यात्रालाई अघि बढाएका छौं । यो यात्रा निरन्तर जारी रहने मात्रै नभई खेलकुद र शिक्षाको विकासमा केसी ग्रुपको अटुट सम्बन्ध रहिरहनेछ ।"

समापन कार्यक्रम कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक बहादुर गुरुङको अध्यक्षतामा भएको थियो । सो अवसरका कास्की टेनिसका सचिव नबिन श्रेष्ठले समेत आफ्ना भनाई राखेका थिए । गत पौष ११ गते बाट सञ्चालित १९ औं माछापुच्छ्रे बैंक पोखरा ओपन तथा भेट्रान्स टेनिस तर्फ हाल सम्मकै सर्वाधि सहभागिता रहेको थियो । प्रतियोगितामा महिला र पुरुष गरी २ सय भन्दा बढि खेलाडीले सहभागिता जनाएको टुर्नामेण्ट डाइरेक्टर राजन पौडेलले जानकारी दिए । प्रतियोगिता सम्पन्न गर्न करिब १६ लाख खर्च भएको जानकारी गराउँदै कास्की टेनिसका कोषाध्यक्ष अनुज बास्तोलाले मुख्य प्रायोजक माछापुच्छ्रे बैंक, प्रदेश खेलकुद परिषद गण्डकी, ट्राक्युलिटी एण्ड स्पालगायतले प्रायोजन तथा सहयोग गरेको जानकारी दिए ।

# राष्ट्रिय व्याडमिन्टन प्रतियोगितामा प्रिन्सलाई खुल्ला पुरुष सहित तीन स्वर्ण महिला तर्फ रशिलालाई स्वर्ण पदक

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ पुस**



युवा स्टार खेलाडी प्रिन्स दाहालले प्रथम राष्ट्रिय खुल्ला व्याडमिन्टन प्रतियोगितामा खुल्ला पुरुष तर्फ सहित तीन विधामा प्रथम हुदै स्वर्ण पदक जितेका छन् ।

शनिबार भएको पुरुष एकलको फाइनल खेलमा नेपाल पुलिस क्लवका दाहालले युवा खेलाडी त्रिभुवन आर्मी क्लवका प्रफुल महर्जनलाई १९-२१, २१–१२ र २१–१४ को सेटमा पराजित गरी उपाधि जितेका हुन्। उनले मिक्स डवल र पुरुष डवल तर्फको विधामा समेत स्वर्ण पदक जितेका हुन् । शनिबार पोखरा रंगशालाको व्याडमिन्टन कोर्टमा भएको महिला एकल तर्फको बिधामा आर्मीकी रशिला महर्जनले महिला तर्फ नेपालको नम्बर १ र् याडकीङ खेलाडी भोजपुरी निवासी नङसाल तामाङलाई २४-२२ र २१-१३ को सोभ्को सेटमा पराजित गर्दै स्वर्ण पदक जितेकी हुन् ।

पुरुष डवल ३५ बर्ष माथि उमेर समुहमा कास्कीका बिशाल खड्का र आर्मीका सुरज महर्जनको जोडीले स्वर्ण पदक जितेका छन्। शनिबारको फाइनल खेलमा खड्का र महर्जनको जोडीले कास्कीका होम गुरुङ र पुलिसका बिष्णु कटुवालको जोडीलाई २१–१९ र २१–१४ को सोभ्को सेटमा पराजित गरी प्रथम हुदै स्वर्ण पदक हात पारेका हुन् । १७ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू–१७) पुरुष तर्फको खेलमा आर्मीका डेभिड थापा मगरले स्वर्ण पदक जितेका छन्। फाइनल खेलमा मगरले एपिएफका रोशन साउदलाई २१–९, र २१–१९ को सेटमा पन्छाउदै उपाधि जिते । १७ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू–१७) महिला तर्फको खेलमा आर्मीकी शेश्ना शींपालीले स्वर्ण पदक जितिन । फाइनल खेलमा शींपालीले आर्मीकै रेहाना शेरचनलाई २१–८, र २१–१७ को सेटमा पन्छाउदै उपाधि जितिन् ।

१२ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू–१२) पुरुष तर्फको खेलमा आर्मीका सुदेश राजकोटीले स्वर्ण पदक जिते । उनले शनिबार भएको फाइनल खेलमा तनहुँका सफल भुजेललाई २२–२०, र २१–१६ को सेटमा पन्छाउदै स्वर्ण पदक जिते । महिला डवल तर्फको विधामा शनिबार भएको फाइनल खेलमा एपिएफकी पुजा श्रेष्ठ र भोजपुरकी नङसाल तामाङको जोडीले आर्मीकी प्राथना देउवा र आर्मीकी अनु माया राईको जोडीलाई २१–१७, र २२–२० को सेटमा पराजित गरी स्वर्ण पदक जितेका हुन् । त्यसै गरी पुरुष डवल ५५ बर्ष माथि उमेर समुहमा वुटवलका नारायण घिमिरे र धादिङका बिष्णुलाल श्रेष्ठको जोडीले स्वर्ण पदक जिते । धिमिरे र श्रेष्ठको जोडीले फाइनल खेलमा काठमाण्डौंको ग्लेक्सि स्कुलका सुरेश वंम र पुर्णसिंह जोशीको जोडीलाई १९-२१, २१–१३, र २१–१० को सेटमा पराजित गरी स्वर्ण पदक जितेका हुन् । पुरुष डवल ४५ बर्ष माथिको उमेर समुहमा कास्कीका राजेश गुरुङ र शम्भु कुमार श्रेष्ठको जोडीले स्वर्ण पदक जितेका छन्। फाइनल खेलमा गुरुङ र श्रेष्ठको जोडीले कास्कीकै नर बहादुर गुरुङ र बिशाल हिराचनको जोडीलाई २१-१०, २१-१८ को सोभ्को सेटमा पराजित गर्दै स्वर्ण पदक जितेका हुन् । १२ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू–१२) महिला तर्फको खेलमा नेक्सश इन्टरनेश्नल स्कुलकी शौलिन श्रेष्ठले स्वर्ण पदक जितेकी छन्। उनले वेल्टर व्याडमिन्टर एकेडेमीकी नितसा रैका मगरलाई फाइनल खेलमा २१-१७, १७-२१ र २२-२० को सेटमा पराजित गर्दै उपाधि जितेकी हुन् । मिक्स डवल तर्फको खेलमा पुलिका प्रिन्स दाहाल र निता लम्सालको जोडीले स्वर्ण पदक जितेका छन्। शनिबार भएको फाइनल खेलमा दाहाल र लम्सालको जोडीले आर्मीका पविन लिङथेप र अनुमाया राईको जोडीलाई २१–१७, र २१–१४ को सोभ्को सेटमा पराजित गर्दै उपाधि जितेका हुन् । त्यसै गरी पुरुष डवल तर्फको विधामा पुलिसकै प्रिन्स दाहाल र बिष्णु कटुवालको जोडीले स्वर्ण पदक हात पार्न सफल भयो । शनिबार भएको फाइनल खेलमा दाहाल र कटुवालको जोडीले कास्कीका विधान अधिकारी र आर्मीका पविन लिङथेपको जोडीसंग २१-१६, २३-२५ र २१-१९ को सेटमा पराजित गर्दै उपाधि जितेका हुन् । प्रतियोगितामा काठमाण्डौं, कन्चनपुर, सुर्खेत, उदयपुर, धादिङ, ललितपुर, भोजपुर, सर्लाही लगायतका २५ जिल्लाबाट ३ सय बढी खेलाडीहरु सहभागि भएको कोषाध्यक्ष हुम बहादुर गुरुङले बताए । प्रतियोगिताको खुल्ला पुरुष एकल तथा डवल तर्फको विधामा विजेता खेलाडीको टोलीलाई जनही ५० हजार उक्त इभेण्टमा दोश्रो हुनेलाई ३० हजार र तेश्रो हुनेलाई २० हजार नगदको साथमा शिल्ड मेडल र प्रमाणपत्र वितरण गरिएको थियो ।

त्यसै गरी प्रतियोगिता अन्तर्गत महिला एकल तथा डवल, मिक्स डवल, ३५ बर्ष माथिको डवल पुरुष उमेर समुह, ४५ बर्ष माथि डवल पुरुष, ५५ बर्ष माथि डवल पुरुष तर्फको बिधामा विजेता टोलीहरुले जनही ३० हजार, उपविजेताले जनही २० हजार र तेश्रो हुनेले जनही १० हजारको साथमा शिल्ड मेडल र प्रमाणपत्र वितरण गरिएको कास्की जिल्ला व्याडमिन्टन संघ कास्कीका अध्यक्ष शुसिल कुमार श्रेष्ठले बताए । जुनियर खेलाडीहरुको प्रोत्साहन गर्ने उद्धेश्यले १२ बर्ष मुनिका खेलाडीहरु सहभागि (यु–१२) र १७ बर्ष मुनिका खेलाडीहरु सहभागि (यु–१७) पुरुष तथा महिला तर्फको विधाका विजेता खेलाडीले जनही १५ हजार, दोश्रो हुनेले १० हजार र तेश्रो हुनेले भने ५ हजार नगदको साथमा शिल्ड मेडल र प्रमाणपत्र वितरण गरिएको अध्यक्ष श्रेष्ठले जनाए ।

विजयी खेलाडीहरुलाई गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री राजिव गुरुङ (दीपक मनाङ्गे), प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष, का.वा.सदस्य सचिव घनश्याम पौडेल, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बानिया, संघका अध्यक्ष श्रेष्ठ लगायतले पुरस्कार वितरण गरेका थिए ।

# अंग्रेजी नयाँ वर्षमा बन्दीपुरमा पर्यटक खचाखच

**पोखरापत्र संवाददाता**
**दमौली, १६ पुस**

अङ्रेजी नयाँ वर्षको अवसरमा तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा पर्यटकको चहलपहल बढेको छ ।

नयाँ वर्ष मनाउन तथा घुमघाम गर्ने उद्देश्यसहित आन्तरिक तथा बाहय पर्यटक बन्दीपुर आएको होटल दरबार हिमालयनका सञ्चालक वैश गुरुङले बताउनुभयो । 'अङ्रेजी नयाँ वर्षका अवसरमा विदेशीभन्दा स्वदेशी पर्यटकको चाप छ', गुरुङले भन्नुभयो । उहाँका अनुसार शनिबार साँझदेखि थप पर्यटक बन्दीपुर उक्लिने अनुमान गरिएको छ ।

नयाँ वर्ष मनाउन पोखरा, चितवन वा अन्यत्र जाने पर्यटक विगत केही वर्षयता बन्दीपुर आउन थालेका छन् । 'बन्दीपुरमा यस वर्ष सडक खाना महोत्सव आयोजना गरिएको छ, अन्यत्र जिल्ला नगई जिल्लाभित्रै नयाँ वर्ष मनाउने प्रचलन बढेको छ', गुरुङले भन्नुभयो, 'यो बन्दिपुरको पर्यटनका लागि राम्रो हो ।' बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले नयाँ वर्षसँगै बन्दीपुर आन्तरिक पर्यटकले भरिएको बताउनुभयो ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# नयाँ वर्ष र सडक महोत्सव

पोखराको लेकसाइडको सडक महोत्सव छुट्टै पहिचान बनेको छासडकमा सांगीतिक र रेष्टुराँ राखेर परिकारको स्वाद लिन पाउने अवसर मिलाउन थालेको २३ वर्ष पुरा भएको छ। अंग्रेजी नयाँ वर्ष मनाउन नेपालीलाई पोखरा जाने र विदेशी पर्यटकहरुलाई समेत नयाँबर्षको रमाइलो मनाउन पाउँने मेला हो, पोखरा सडक महोत्सव। नेपालीहरुलाई पनि परिवार सहित घुमघाम गर्ने अवसर बनेको छ सडक महोत्सव । सडकमै रेष्टुराँको परिकारका साथै पर्यटकीय गतिविधि जानकारी गराउन सडक महोत्सव मनाउन थालिएको २४ औं वर्ष लागेको छ। रेष्टुरेष्ट एण्ड बार एशोसिएसन (रेवान) पोखराले बुधबार सञ्चालन गरेको २४ औं संस्करणको सडक महोत्सव आइतबारसम्म चल्ने छ।

रुस युक्रेन युद्ध र दुई वर्ष कोरनाका कारण पर्यटन क्षेत्र नराम्ररी थला परेको छ। २ वर्षसम्म पर्यटकहरु आउन नसकेका कारण पर्यटन उद्योगमा परेको असरले धेरै क्षेत्रलाई असर पारेको छ। अहिले केही खुकुलो भएको र अन्तर्राष्ट्रिय जगतमा पर्यटकीय खुलेपछि हरेक व्यक्तिहरुलाई नयाँ ठाउँ घुम्ने रमाइलो गर्ने इच्छा हुन्छ। संक्रमणका बीच पनि सडक महोत्सवको रमाईलो गर्न पाइने आशामा मध्यमस्तरका नेपालीहरु पनि पोखरामा आउने गरेका छन् । महोत्सवको बेला पोखराका पर्यटकीय स्तरका होटलहरु आन्तरिक पर्यटकले पनि भरिभराउ हुने गरेको छ। पर्यटन व्यवसायीहरुको सक्रियतामा मनाउन थालिएको सडक महोत्सवलाई पोखराका विभिन्न जातजातिले सघाउदै आएका छन् । आफ्ना मौलिक भेषभूषा र परम्परा झल्कने झाकी प्रर्दशन गरेर विविधतामा एकता प्रर्दशन गर्ने अवसर बनेको छ। त्यसमा सवैले सहकार्य गर्ने वातावरण वन्दै जानु महोत्सवको सफलता हो। सडक महोत्सव पोखराको ब्राण्ड बन्न सकेको छ।

चाडपर्वका अवसरमा रमाइलो गरी मनाउने नेपालीहरुको परम्परा बन्दै आएको छ। हरेक चाडपर्वलाई मेला/उत्सवको रुपमा मनाउने पोखेलीहरुले नमूना पेश गरेका छन्। मेलालाई नयाँ रुपमा मनाउने र पर्यटनसंग जोड्ने पोखेलीहरुको मौलिकता हो। मेलालाई महोत्सवको रुप दिएर त्यसमा विविधता दिनु परिस्कृत रुप हो । सबैलाई सामेल गराएर रमाइलो दिन सकेमा त्यसले निरन्तरता पाउँछ। मेला, महोत्सव सफल पार्न प्रायोजकले गर्ने सहयोग र दर्शकहरुको ओइरो लागेर पोखराकै चिनारी गराउन सकेको छ। मेला महोत्सव पर्यटन प्रबर्द्धन गर्न, मौलिक संस्कृतिको जगेर्ना र नयाँ संभावनाको खोजी गर्न सघाउ पुऱ्याउँछ। सडक महोत्सवको मुख्य आकर्षण साँझ र रातिको समयमा हुने भएको हुँदा सुरक्षा र यातायातको राम्रो प्रबन्ध हुनु पर्दछ।

देश संघीय संरचनामा गएको हुँदा तीनै तहका सरकार मिलेर मात्र आफ्नो क्षेत्रको विकास हुन सक्छ। स्थानीय र प्रदेश सरकारले प्रदेश राजधानी पोखराको पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रसंग सहकार्य गर्नुपर्दछ। सरकार र निजी क्षेत्र मिलेर मात्र पोखराको पर्यटन विकास हुन सक्छ । पोखरा पर्यटकीय राजधानी घोषण नभएपनि पर्यटकीय प्रमुख गन्तब्य हो । सरकारले पर्यटन क्षेत्रका व्यवसायीहरुलाई उभिनसक्ने वातावरण बनाउनु पहिलो कर्तव्य हो। सरकार र निजी क्षेत्रले कस्ता गतिविधी सञ्चालन गर्दा पर्यटकलाई आकर्षित गर्न सकिन्छ भनेर संघीय सरकारसंग योजना पेश गर्नुपर्दछ।

पर्यटकको बसाई अवधि लम्ब्याउने र जीवनमा एक पटक पोखरा पुग्नैपर्ने रहेछ भन्ने सन्देश प्रबाह गर्ने काम पनि पोखेलीको हो। कस्तुरीलाई आफ्नै विना थाहा नपाएर भौतारिए झै स्थानीय र प्रदेशको अधिकार र महत्वलाई नबुझि केन्द्रीकृत शासन प्रणाली कै शैलीमा गतिविधि हुन थालेमा त्यसले केहि व्यक्तिलाई फाइदा पुऱ्याए पनि पोखरा र पोखरेलीले त्यसको फाइदा लिन सक्नेछैनन् । अग्रेजी नयाँ वर्षको अवसरमा भएको महोत्सवले पर्यटन क्षेत्रमा नयाँपन दिन प्रेरित गरोस शुभकामना।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गाउँपालिकाद्वारा १० शैयाको आधारभूत अस्पताल सञ्चालन

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

गोरखाको भीमसेन थापा गाउँपालिकाले १० शय्याको आधारभूत अस्पताल सञ्चालनमा ल्याएको छ।

गाउँपालिकाले वडा नम्बर ६ मा रहेको स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी शहीद स्मृति आधारभूत अस्पताल सञ्चालनमा ल्याएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चित्रबहादुर अधिकारीले जानकारी दिनुभयो । पालिकाभित्र रहेका सबै नागरिकमा सहज र सुलभरुपमा स्वास्थ्योपचार सेवा पुऱ्याउने उद्देश्यले आधारभूत अस्पताल सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो।

आधारभूत अस्पतालमा बहिरङ्ग, प्रयोगशाला, फामेर्सीलगायतका सेवा उपलब्ध रहेको अधिकृत अधिकारीले जानकारी दिनुभयो । त्यसबाहेक एक्सरे, आकस्मिक सेवा तथा बिमा कार्यक्रमसमेत तत्काल विस्तार गर्ने योजना रहेको उहाँले बताउनुभयो । अस्पतालमा चिकित्सकसहित स्वास्थ्यतर्फ नर्स, स्वास्थ्य सहायक, फार्मेसी सहायक, डेन्टल हाइजिनिष्टलगायतका आवश्यक स्वास्थ्यकर्मीको व्यवस्था रहेको अधिकारीको भनाइ छ। "यस क्षेत्रका नागरिक सामान्य बिरामी परे उपचारका लागि सदरमुकाम र सदरमुकाम बाहिर लैजानुपर्ने बाध्यता रहँदै आएको थियो", उहाँले भन्नुभयो, "अब अस्पताल सञ्चालनमा आएसँगै उपचार सेवाका लागि अन्यत्र धाउनुपर्ने बाध्यता हटेको छ।" गाउँपालिकाले चालु आर्थिक वर्षदेखि पालिकावासीलाई आफ्नै गाउँ ठाउँमा स्वास्थ्य सेवा दिन कसर बाँकी नराख्ने प्रतिबद्धता गरेअनुसार सेवासमेत प्रारम्भ भएको उहाँले बताउनुभयो। "पालिकाभित्र रहेका नागरिकलाई गाउँघर र टोलटोलमामा स्थानीय सरकारको अनुभूति दिलाउने गरी स्वास्थ्य क्षेत्रमा पनि केही नयाँ कामको थालनी गरिहाल्नुपर्छ भन्ने हाम्रो योजना थियो", गाउँपालिका अध्यक्ष लोकप्रसाद बञ्जराले भन्नुभयो, "तिनै योजनाअनुरुप आधारभूत अस्पताल सञ्चालन ल्याइएको हो।"

# चितवनमा पर्यटकको चाप : होटल भरिभराउ

रासस
चितवन, १६ पुस

इस्वी सम्वत् २०२३ को पूर्व सन्ध्यामा यहाँस्थित पर्यटकीय क्षेत्रका होटल भरिन सुरु गरेका छन्। चितवन राष्ट्रिय निकुञ्जको सौराहा, पटिहानी, मेघौलीलगायतका क्षेत्रका ठूला होटल भरिएका छन् । साना होटल पनि साँझसम्म भरिने व्यवसायी बताउँछन्।

अङ्ग्रेजी नयाँ वर्षका अघिल्ला दुई दिन सार्वजनिक बिदा परेकाले घुम्न रुचाउनेका लागि उपयुक्त समय बनेको छ । नारायणगढ मुग्लिन सडकखण्ड दिउँसोमा बन्द हुने हुँदा केही प्रभावित भए पनि बिहान बेलुकाको समयमा आन्तरिक पर्यटक धेरै आएको व्यवसायी बताउँछन् । सौराहाका निजी हात्ती सञ्चालन गर्ने सामूहिक सहकारी युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष ऋषि तिवारीले दुई दिनयता हात्ती र जीप भरिएको जानकारी दिनुभयो । साँझसम्ममा सबै होटल भरिने उहाँको अनुमान रहेको छ। उहाँले भन्नुभयो, "यो नयाँ वर्षमा पर्यटकको राम्रो उपस्थिति रहेको छ।" सौराहामा दुई वटा होटल सञ्चालन गर्दै आउनुभएका माधव दुवाडी दुई दिनयता दुवै होटल भरिएको बताउनुहुन्छ। होटल सेभेन स्टारमा आज साङ्गीतिक कार्यक्रम रहेको भन्दै उहाँले अर्को होटेल पनि भरिएको बताउनुभयो। उहाँले भन्नुभयो, " नयाँ वर्षमा आन्तरिक पर्यटकको राम्रो उपस्थिति रहेको छ।" क्षेत्रीय होटल सङ्घका महासचिव गुणराज थपलिया अधिकांश होटल भरिएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "नयाँ वर्ष मनाउन आउने पर्यटकको सङ्ख्या राम्रो छ।" विगत वर्षमा जस्तो सडकमा पर्यटक नभरिए पनि होटलमा राम्रो भएको उहाँको भनाइ छ। पटिहानी र मेघौलीका होटल पनि पर्यटकले भरिएका छन्। मेघौलीको वाइल्ड लाइफ सेञ्चुरीका सुबोध प्रधानले दुई दिनयता होटल भरिएको सुनाउनुभयो । उहाँले भन्नुभयो, "अहिलेको नयाँ वर्ष पर्यटकको उपस्थिति राम्रो छ।" जङ्गल भिल्ला पटिहानीका सञ्चालक गणेश पौडेलले दुई दिनयता भारतीय र नेपाली पर्यटकले होटल भरिएको जानकारी दिनुभयो। क्षेत्रीय होटल सङ्घका अध्यक्ष दीपक भट्टराईले क्रमश पर्यटक बढ्दै गएको साँझसम्ममा होटल भरिने अपेक्षा छ भन्नुभयो। सौराहाका सबै होटललाई समग्रमा हेर्दा शुक्रबार झण्डै आधा भरिएको उहाँको भनाइ छ। घुम्न आउनेले पाएसम्म राम्रा होटल खोज्छन् । सङ्घको सदस्यमा साना होटल धेरै छन्। क्रमशः ती होटल पनि भरिने क्रममा रहेका छन्। पर्यटक बढेपछि निकुञ्ज आसपासका रेष्टुराँ पनि भरिएका छन् । सौराहामा एक सय २० होटल क्षेत्रीय होटल सङ्घमा आबद्ध छन्। सङ्घमा दर्ता नभएका अरु साना होटल पनि रहेका छन् । भट्टराईका अनुसार सौराहामा आठ हजार पर्यटक अट्न सक्ने क्षमता छ । चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती वनमा हात्ती सफारी, जीप सफारी, डुङ्गा सयर, पैदल यात्रा गरेर दुर्लभ बाघ, गैंडाजस्ता वन्यजन्तु हेर्न यहाँ पर्यटक आउने गर्दछन्। थारु संस्कृति हेर्न पर्यटक रुचाउँछन् । कोभिडका कारण थला परेको पर्यटन व्यवसाय उठ्ने अपेक्षामा व्यवसायी रहेका छन्।

# दुर्घटनामा युवकको मृत्यु

रासस
तनहुँ, १६ पुस

बन्दीपुर गाउँपालिका-५ याम्पास्थित पृथ्वी राजमार्ग सडकखण्डमा बस र स्कुटर एकापसमा ठोक्किँदा शनिबार एक युवकको ज्यान गएको छ।

बसको ठक्करबाट भानु नगरपालिका-१३ समजुर निवासी ३२ वर्षीय शेखमहमद रखिम मियाँको ज्यान गएको हो। बसको ठक्करबाट गम्भीर घाइते भएका मियाँको उपचारका क्रममा दमौली अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँ प्रहरीले जनाएको छ। पोखराबाट काठमाडौँतर्फ जाँदै गरेको प्र नं ३-०१-००६ ख ०९२४ नंको बस र विपरीत दिशाबाट आउँदै गरेको ग१३प ३५५४ नंको स्कुटर एकापसमा ठक्कर खाँदा उक्त दुर्घटना भएको हो । बसचालक जिल्ला सिन्धुली गोलञ्जोर गाउँपालिका-४ बस्ने ३३ वर्षीय चुक्रबहादुर ठकुरीलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको तनहुँका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो।

# पोखरामा सडक महोत्सव: 'सडकमै खाऔँ, सडकमै नाचौँ र सडकमै रमाऔँ'

-वासुदेव पौडेल
पोखरा, १६ पुस (रासस)



पवित्र शान्त पोखरा सधैँभरि हरा भरा
अनेक ताल छन् जहाँ, जहाँ छ धर्ती उर्वरा।
अनेक धर्म संस्कृति, अनेक छन् रीतिस्थिति
अनेक यात्रु आँउँदै रमाउने परिस्थिति ॥

कवयित्री कुन्तीदेवी भट्टराईको सिर्जनाका फूलहरू कविता सङ्ग्रहको 'रमाइलो पोखरा' शीर्षकको कविताको एक पङ्क्ति हो यो । कवितामा भनेजस्तै साँच्चिकै प्रकृतिको बरदान हो पोखरा । प्राकृतिक सौन्दर्यताका कारण स्वदेशी एवम् विदेशी पर्यटकको आकर्षक गन्तव्य पोखरा यतिखेर पर्यटकका कारण खचाखच भरिएको छ।

देशका विभिन्न स्थानसँगै विभिन्न विदेशी राष्ट्रबाट पर्यटकहरू आएका कारण होटलहरू क्षमताको झन्डै ७० प्रतिशतभन्दा बढी भरिभराउ छन्। प्रायः सबै याममा पर्यटकहरूको आगमन हुने पोखरामा अङ्ग्रेजी नयाँ वर्ष, नेपाली नयाँ वर्ष, दसैँ तथा तिहारको समयमा ठूलो सङ्ख्यामा पर्यटकहरू आउने गर्दछन् । पोखरामा प्रत्येक दिन ४० हजार जनासम्म पर्यटक राख्न सक्ने क्षमता रहेको पश्चिमाञ्चल होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो । अङ्ग्रेजी नयाँ वर्षका कारण अहिले पोखरामा पर्यटकको राम्रै चहलपहल रहेको बताउँदै उहाँले राम्रा होटेलहरूमा क्षमताको झन्डै ८० देखि ८५ प्रतिशतसम्म भरिभराउ रहेको जानकारी दिनुभयो।

"क्रिसमसदेखि नै पोखरामा पर्यटकको चहपहल बढिरहेको छ", उहाँले भन्नुभयो, "अङ्ग्रेजी नयाँ वर्षलाई लक्षित गरी रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराले सञ्चालन गरेको सडक महोत्सवका कारण ठाउँठाउँबाट पर्यटकहरू पोखरामा आएका छन् ।" पोखराका सामान्य होटेलमा पनि क्षमताको ५० प्रतिशतभन्दा बढी पर्यटकहरू भरिएको उहाँले जानकारी दिनुभयो । विगतका वर्षमा कोरोनाबाट प्रभावित भएको पोखराको पर्यटन पछिल्ला समयमा पर्यटकको आगमनले आशा जगाएको पर्यटन यातायात व्यवसायी सङ्घ गण्डकी प्रदेशका पूर्वअध्यक्ष एवम् होटेल इलेगेन्टका सञ्चालक बोबरजङ्ग गुरुङले जानकारी दिनुभयो।

प्रत्येक अङ्ग्रेजी नयाँ वर्षमा क्रिसमसदेखि नै पोखरामा पर्यटकको चहलपहल बढ्ने र डिसेम्बर ३०, ३१ र जनवरी १ का दिनमा यहाँका होटेलहरू भरिभराउ हुने गरेको उहाँका व्यवसायीको अनुभव छ।

पछिल्ला वर्षमा अङ्ग्रेजी नयाँ वर्षमा आन्तरिक पर्यटकका साथै छिमेकी मुलुक भारतबाट पनि पर्यटकहरू पोखरा भित्रने गरेका छन्। अङ्ग्रेजी नयाँ वर्षको अवसर पारी रेष्टुराँ एन्ड बार एसोसिएसन (रेवान) द्वारा गर्दै आएको सडक महोत्सव पोखराको राम्रै आकर्षण बन्ने गरेको छ । 'सडकमै खाऔँ, सडकमै नाचौँ र सडकमै रमाऔँ' भन्ने नाराका साथ पोखराको लेकसाइडस्थित शहीदचोकदेखि कोमागाने पार्क हुँदै हल्लनचोक खहरे क्षेत्रसम्म हुने महोत्सव यहाँको विशिष्ट पहिचान बन्ने गरेको छ।

महोत्सवका अवसरमा सडकमै खानेदेखि मनोरञ्जनका विभिन्न कार्यक्रम सञ्चालन गरिने र त्यहाँ पर्यटकहरूले राम्रैसँग मनोरञ्जन लिने गरेका छन्। पोखराको पर्यटनमा विभिन्न नयाँ गतिविधि सञ्चालन गरी मौसम या बेमौसमा जहिले पनि चलायमान होस् भन्ने उद्देश्यका साथ २४ वर्षअघि अङ्ग्रेजी नयाँ वर्षमा गरिएको सडक महोत्सवलाई त्यसयता बर्सेनि निरन्तरता दिँदै आइएको छ।

सन् २०२३ को जनवरी १ देखि (आइतबारदेखि) पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुँदै गर्दा यसको पूर्वसन्ध्यामा अङ्ग्रेजी नयाँ वर्षको आगमनलाई लक्षित गरी देखिएको पर्यटकको आकर्षणले पोखराको पर्यटनमा उत्साह थपेको पर्यटन व्यवसायीहरू बताउँछन्।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउनु समग्र पोखरेलीका लागि गौरवको विषय भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ बताउनुहुन्छ। "पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउनु यहाँको पर्यटकीय विकासका लागि ठूलो उपलब्धि हो", उहाँले भन्नुभयो, "विमानस्थलले आगामी दिनमा पोखरालाई अन्तर्राष्ट्रिय बजारसँग जोड्न् र यहाँबाट हुने हवाई यातायात सेवा सहज एवम् प्रभावकारी बन्ने देखिन्छ।"

# पोखरा महोत्सव लोकनृत्यलाई वण्डर ब्राण्ड स्वीच एण्ड युनि एक्सपर्ट ब्राण्ड तथा विवस ईलेक्ट्रिक्सले सहयोग गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस




एघारौं पोखरा महोत्सव विद्यालय स्तरिय लोकनृत्य पतियोगितालाई वण्डर ब्राण्ड स्वीच एण्ड युनि एक्सपर्ट ब्राण्ड तथा विवस ईलेक्ट्रिक्स प्रालिले प्रायोजकमा रही सहयोग गर्ने भएको छ।

युनाईटेड क्लवको आयोजनामा आगामी पुषको २७ देखि माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने एघारौं संस्करणको पोखरा महोत्सवमा आयोजना हुने विद्यालय स्तरिय लोकनृत्य प्रतियोगितामा मुख्य प्रायोजकको रुपमा रहेर सहकार्य गर्ने भएको हो । हालै एक कार्यक्रमका बीच महोत्सव आयोजक युनाईटेड क्लवका वरिष्ठ उपाध्यक्ष तथा एघारौं पोखरा महोत्सव कलाकार ब्यवस्थापन उपसमिति संयोजक लोक बहादुर थापा र वण्डर ब्राण्ड स्वीच एण्ड युनि एक्सपर्ट ब्राण्ड तथा विवस ईलेक्ट्रिक्स प्रालिका प्रोप्राइटर चन्द्र बहादुर थापा बीच सहमति पत्रमा हस्ताक्षर गरी एक अर्का बीच सहकार्य गर्ने भएको हो । सो अवसरमा वोल्दै वण्डर ब्राण्ड स्वीच एण्ड युनि एक्सपर्ट ब्राण्ड तथा विवस ईलेक्ट्रिक्स प्रालिका प्रोप्राइटर चन्द्र बहादुर थापाले पोखरा महोत्सवले समाजिक काम संगै महोत्सवमा लोकनृत्य प्रतियोगिता गरी लोकनृत्य संरक्षणका लागि महत्वपूर्ण भुमिका निर्वाह गरिरहेकाले आफुहरुको संस्थाले समेत सहकार्य गर्न पाउदा निकै खुसी लागेको वताए । स्थापना कालदेखी युनाईटेड क्लवले महोत्सवको आयोजना गरी सामाजिक काम गर्दै आइरहेको र त्यस कार्यलाई आफुले समेत सहकार्य गर्दै आइरहेको सन्दर्भमा आफ्नो ब्यवशायिक संस्थाले समेत सहकार्य गर्न पाउदा आफु गर्वान्वित भएको थापाको भनाइ रहेको थियो।

सो अवसरमा वोल्दै युनाईटेड क्लवका वरिष्ठ उपाध्यक्ष एवं एघारौं पोखरा महोत्सव कलाकार ब्यवस्थापन उपसमिति संयोजक लोक बहादुर थापाले युनाईटेड क्लवले महोत्सवको आयोजना गरी सामाजिक काम संगै लोक संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि महोत्सवमा विद्यालय स्तरिय लोकनृत्य प्रतियोगिता गरिदै आएको र उक्त प्रतियोगितामा वण्डर ब्राण्ड स्वीच एण्ड युनि एक्सपर्ट ब्राण्ड तथा विवस ईलेक्ट्रिक्स प्रालि संग सहकार्य गर्न पाउदा खुसी लागेको वताए। नृत्य प्रतियोगितामा प्रथम हुने टीमले नगद ४० हजार, शिल्ड र प्रमाणपत्र, द्धितियले नगद २५ हजार, शिल्ड र प्रमाणपत्र, तृतियले नगद १५ हजार, शिल्ड र प्रमाणवत्र र सान्तवना स्थान हासिल गर्नेलाई नगद ७ हजार, शिल्ड र प्रमाणपत्र प्राप्त गर्ने महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

# १८ औं लेखनाथ महोत्सव सफलता उन्मुख

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

लेखनाथमा जारी १८ औं संस्करणको लेखनाथ महोत्सव सफलताउन्मुख देखीएको छ । महोत्सव दशौं दिनसम्म आईपुग्दा भएको कारोबार र दर्शकहरुको उपस्थीतीका कारण महोत्सव सोचेभन्दा पनि सफल हुने देखीएको महोत्सवका प्रचार प्रसार संयोजक राजेन्द्र ओभ्फाले वताए ।



महोत्सवको हालसम्म २ लाख ४० हजार दर्शकहरुले अवलोकन गरेका छन भने महोत्सवमा कुल ९ करोड ६० लाख बराबरको कारोबार भएको छ । शनिबार मात्रै ४० हजार दर्शकहरुले महोत्सवको अवलोकन गरेका छन भने १ करोड ५० लाखको कारोबार भएको आयोजकले जनाएको छ । बिदाको दिन समेत परेकाले शनिबार दर्शकहरुको संख्या उल्लेख्य रुपमा वृद्धि भएको थियो । आईतबार पनि बिदा रहेकाले दर्शकको राम्रो उपस्थिति रहने आयोजकको अपेक्षा छ । आयोजकले महोत्सव अवधीभर २ लाख ५० हजार दर्शकले अवलोकन गर्ने र १० करोड बरावरको आर्थिक कारोवार हुने अनुमान गरेको भएपनि अझै २ दिन बाँकी महोत्सवको अवधी बाँकी रहेकाले लक्ष्यभन्दा पनि वढि प्रगती हासिल हुने आयोजकले दावी गरेको छ ।

महोत्सवको पहिलो दिन ३० हजार दर्शकले अवलोकन गरेका थिए भने दोस्रो दिन पुस ८ गते १० हजार, पुस ९ गते २५ हजार, १० गते ३० हजार, ११ गते १५ हजार, १२ गते १५ हजार, १३ गते २०, १४ गते २० हजार, १५ गते ३५ हजार र १६ गते ४० हजार गरी कुल २ लाख ४० हजार दर्शकले अवलोकन गरिसकेका छन् । त्यस्तै, महोत्सवमा हालसम्मको कुल कारोबार रकम ९ करोड ६० लाख पुगेको छ । महोत्सवमा पहिलो दिन पुस ७ गते ८० लाख, ८ गते ४० लाख, ९ गते १ करोड, १० गते १ करोड २० लाख, ११ गते ७० लाख, १२ गते ८० लाख, १३ गते १ करोड, १४ गते १ करोड, १५ गते १ करोड ३० लाख र १६ गते १ करोड ५० लाख गरी कुल कारोबार रकम ९ करोड ६० लाख पुगेको संयोजक ओभ्फाले जानकारी दिए । महोत्सवमा सोचेभन्दा बढी दर्शकको साथ मिलेको प्रचारप्रसार संयोजक ओभ्फाले बताए । महोत्सवमा मनोरञ्जनका लागि दैनिकजसो रत्यौली कार्यक्रमदेखि विद्यालय स्तरीय कार्यक्रम, लोकदोहोरी कार्यक्रम, भजन कृतन, लाइभ कन्सर्ट, विभिन्न जातजाति, भाषाभाषीका कार्यक्रमहरु भइरहेका छन् । शनिबार भएको लोकदोहोरी कार्यक्रमतर्फ गायकहरु श्याम राना, शिवहरि ढुंगाना, अमृत सापकपोटा, प्रिन्स लम्साल गायिकाहरु कमला घिमिरे, निशा पोख्रेल, आशा विसी, मधु चापागाईंको प्रस्तुति रहेको थियो भने हाँस्यव्यांग्य तर्फ सापटी काका र घिरौलाको प्रस्तुतीले थप मनोरञ्जन प्रदान गरेको थियो । त्यस्तै, साँझको लाइभ कन्सर्टतर्फ राजेश पायल राई, बसन्त सापकोटा, अनु चौधरीले स्टेज तताएका थिए ।

त्यस्तै, आईतबार हुने लोकदोहोरी कार्यक्रमतर्फ बद्रि पँगेनी, चोलेन्द्र पौडेल, सुरेन्द्र गुरुङ, गायिकाहरु शान्ति श्री परियार, सुनिता नेपाली, मञ्जु विक र माया केसीको प्रस्तुति रहनेछ । त्यस्तै, साँझको लाइभ एलिना चौहान, देबेन्द्र बब्लु एण्ड लाईभ व्याण्ड र र्‍यापर टुकिले स्टेज तताउनेछन । 'महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र सम्वृद्धि' भन्ने मूल नाराका साथ सुरु भएको महोत्सवमा कुल ३३७ स्टलहरु रहेका छन् ।

ग्रामिण घरेलु प्रविधिको प्रदर्शनी र यहाँका पर्यटकीय स्थलको पहिचान गराउने उद्देश्यले आयोजना गरेको महोत्सवमा पर्यटकीय स्थलको पहिचान गराउन छुट्टै बेगनास तालको डेमो तयार गरि राखिएको छ, जुन दर्शकको आकर्षणको केन्द्र बनेको छ । यसका साथै महोत्सवमा हस्तकला, घरेलु उत्पादन, एग्रो प्रोडक्टहरुको प्रवर्द्धन सम्बन्धी स्टलहरु, मेसिन, अटो गार्मेन्ट, माटाका भाडा, फलामका औजार प्रदर्शनीमा राखिएका छन् ।

त्यस्तै महोत्सवमा विद्यार्थीका लागि इन्जिनियरिङ सम्बन्धी प्रदर्शनी पनि रहेको छ । निजी क्षेत्रको छाता संस्था लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको महोत्सवको पुस १८ गतेसम्म सञ्चालन हुनेछ । सगरमाथा इन्स्योरेन्स मुख्य प्रायोजक रहेको महोत्सवमा सहप्रायोजकमा राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, कामना सेवा विकास बैंकलगायत महोत्सव सफल बनाउन विभिन्न संघ संस्थाहरुले सहयोग गरिरहेका छन् ।

# फेवा सहकारीको रणनिती योजना तर्जुमा गोष्ठी धम्पुसमा

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

फेवा बचत तथा ऋण सहकारीसस्था ली को २४औ बार्षिक जन्मउत्सवको अवसरमा आयोजित ५ दिने कार्यक्रमको अन्तिम दिन २ दिने सहकारी रणनिति योजना तर्जुमा गोष्ठी माछापुच्छ्रे गाउ पालिका वडा नं ७ धम्पुसको धौलागिरी भिउ होटलको सभाहलमा सम्पन्न गरेको छ ।



उक्त गोष्ठीमा सहकारीका प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेलले २०५६ साल देखि २०७९ साल सम्मका कारोबार र स्थापना र अहिले सम्मको फेवा सहकारीको स्थिती समेत बताउनु भयो । २ दिने सहकारी रणनिति योजना गोष्ठीका प्रमुख अतिथि एवं पोखरा महानगरपालिका वडा नं २३ का वडा अध्यक्ष रामकाजी गुरूङले ब्यानरमा हस्ताक्षर गरी कार्यक्रमको उद्घाटन गर्नुहुदै २०५६ सालमा स्थापित यस फेवा सहकारीले आफ्नो सहकारीलाई कसरी राम्रो सेवा प्रदान गर्ने र के के गर्दा कसरी गर्दा शेयर सदस्य लाभान्वित हुन्छ भन्ने उद्देश्य राखी कास्की जिल्लामा गनिने सहकारीमा चिनिने यो सहकारीले अझ आउदा समयमा सहकारीलाई कसरी लैजाने भनी सहकारीका संचलक, उप - समिति र अफिसियल कर्मचारीहरूलाई सहभागी गराई सहकारी लाई समेत रणनिती योजना बनाएर अगि बढाउने उद्देश्य राखेकोमा सफलताको शुभकामना दिनुहुदै आफूले पनि सहकारी बिकासका लागी सक्दो सहयोग गर्ने बताउनु भयो ।

२ दिने रणनीतिक योजना तर्जुमा गोष्ठी मा सहकारीका निती नियम कानुन र सहकारी क्षेत्रलाई कसरी व्यवस्थित र ब्यबस्थापन गर्न सकिन्छ भनी लागी पर्ने मुख्य प्रशिक्षक कुबेर निरौलाले सबैले बुझ्ने भाषामा गोष्ठीमा प्रशिक्षण दिनुभई ४ बर्षे कार्यकाल मा हाम्रो हसकारी कसरी कहा पुर्याउन सकिन्छ भनि प्रस्ट पारी प्रशिक्षण दिनुभयो । फेवा सहकारीका सल्लाहकार सामाजिक अभियन्ता महेश गुरुङ्गले फेवालाई हामिले यसरी लैजानु पर्छकी जसरी देशलाई सबैको फूलबारी भनिन्छ त्यसै गरि फेवा सहकारी हामी सबैको फूलबारी हुनु पर्नेमा जोड दिनुहुदै देशमा चलेको हालको बैकिङ्ग क्रेशिसलाई मध्य नजर राख्दै आउने र जाने क्रम मिलाएर जानुपर्ने धारणा राख्दै सबै जात जातिलाई समेटि शाझा सहकारी बनाई अगाडि बढ्नुपर्ने बताउनु भयो । उक्त रणनीतिक योजना तर्जुमा गोष्ठी कार्यक्रमको पहिलो दिनको संयोजकमा तिलु गुरूङ्ग र दोस्रो दिन रिना श्रेष्ठ समेतका टिम ले समन्बय गरेको उक्त गोष्ठीमा दिनभरिको कार्यहरूको बिश्लेषण गर्न प्रतिवेदन प्रस्तोता, मुल्याङ्कन कर्ता र मनोरञ्जन कर्ता चयन गराई संचालित गोष्ठीको बन्द कार्यमा उपस्थित २६ जनालाई ४ ग्रुपमा बिभाजन गरि हाल १ अर्ब बचत गरि १ अर्ब ३० करोड कारोबार गर्दै आएको सहकारी अबका ४ बर्षमा २ अर्ब ५० करोड बचत गर्ने र ३ अर्बको कारोबार पुर्याई दिर्घकालिन योजना ल्याई सदस्य मुखी कार्य गर्दै अघि बढ्नु बढ्नु पर्ने गोष्ठीको मुख्य उपलब्धि रहेको रणनीतिक योजना तर्जुमा गोष्ठी कार्यक्रमका संयोजक एवं उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठले बताए ।

उक्त गोष्ठी सफल बनाउन संचालक समिति, सस्थाका प्रबन्धक जगन तिमल्सिना, राम बजार सोसाइटी यूकेका पुर्व अध्यक्ष रूपक गुरुङ्ग, भद्रकाली सेवा केन्द्र का संयोजक क्या श्याम बहादुर गुरुङ्ग र बिभिन्न उप समितिका सदस्य समेत कर्मचारीहरूको सहभागितामा सम्पन्न गोष्ठीमा सबैले आ-आफ्नो बिचार राख्नुहुदै आ- आफ्नो जिम्मेवारी अनुसार लाग्नु पर्ने बताउनु भयो । कार्यक्रममा सम्पुर्ण उपस्थितहरू लाई कार्यक्रम संयोजक सम्मर बहादुर श्रेष्ठले स्वागत गर्नुभएको उक्त कार्यक्रममा फेवा बचत तथा ऋण सहकारी सस्थाका अध्यक्ष क्या चन्द्र प्रसाद गुरुङ्गको सभापतित्वमा सम्पन्न कार्यक्रम सहकारीका सचिव दिल बहादुर भट्टराईले संचालन गरेका थिए ।

# रावण उद्यान निर्माण अधुरै

पोखरापत्र संवाददाता
म्याग्दी, १६ पुस

म्याग्दीको पौराणिक स्थल पछैमा निर्माण थालिएको रावण उद्यान अधुरै रहेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको साझेदारीमा बेनी नगरपालिकाले वडा नं ५ को पछैमा गत वर्षदेखि उक्त उद्यान निर्माण सुरु गरेको थियो ।

बजेट अभावका कारण निर्माण रोकिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो । "कर्मचारीले भौतिक र वित्तीय प्रगति विवरण नपठाएका कारण बजेट काटिँदा उद्यान निर्माणको काम रोकिएको हो," उहाँले भन्नुभयो, "बजेटलाई निरन्तरता दिन मन्त्रालयसँग समन्वय गरिएको छ । मन्त्रालयले बजेट नपठाउँदा निर्माण व्यवसायीले भुक्तानी नपाएर काम गरेका छैनन् ।" समस्या पहिचान भएपछि तत्कालै प्रतिवेदन पठाएर चालू आर्थिक वर्षमा रु १५ लाख बजेट विनियोजन भएको र निर्माण व्यवसायीलाई काममा फर्काउन पहल गरिएको नगर प्रमुख केसीले बताउनुभयो ।

उद्यान बनाउन काठमाडौंको धर्मा एस कास्यप जेभीले गत भदौमा रु एक करोड ७६ लाख ७७ हजारमा ठेक्का सम्झौता गरेको थियो । ठेकेदार कम्पनीले उद्यान निर्माणस्थल घेराउका लागि पर्खाल निर्माण र मूर्ति तयार पारेको छ । पर्यटन मन्त्रालयले रु दुई करोड ११ लाख र नगरपालिकाले रु एक करोड १४ लाख विनियोजन गरेर ठेक्का आह्वान गरिएको थियो । विसं २०७९ पुसमा उद्यान निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि बजेट अभावका कारण सफल नभएको निर्माण कम्पनीका इञ्जिनियर सन्तोष ओझाले बताउनुभयो । पछैमा पौराणिक महत्व झल्कने किसिमको रावणको आकर्षक मूर्ति राख्ने, बगैंचा निर्माण, नाबी गाडेकोलगायत ठाउँको संरक्षणका लागि पूर्वाधार र दुई सय मिटर कालोपत्र गर्ने योजना छ । चौध रोपनी क्षेत्रफलमा फैलिएको पुलह पुलत्स्य क्षेत्रको चार रोपनीमा रामायण पार्क बनाउन लागएको हो । हालको मन्दिर, हवन कुण्ड, रावणको नाबी गाडेको ठाउँलाई यथावत् राखेर पूर्वाधार बनाइने भएको छ । धर्मग्रन्थ भागवत रामायणको पाँचौं अध्यायमा रावणको जन्म पछैमा भएको उल्लेख छ । पुलह, पुलत्स्य र भरत ऋषिले पछैमा तपस्या गरेकोबारे रामायणमा व्याख्या गरिएको छ ।

मुक्तिनाथ प्रवेशद्वार गलेश्वर, पुलाचौरको पछै, जगन्नाथ र टोड्के क्षेत्रलाई समेटेर धार्मिक कोरिडोर बनाउने योजना पनि अघि सारिएको छ । समुन्द्री सतहदेखि दुई हजार मिटरको उचाइमा अवस्थित पछैबाट धौलागिरि, अन्नपूर्ण, नीलगिरि हिमशृङ्खला, सूर्योदय, बेनीबजारलगायत म्याग्दी, पर्वत र बागलुङको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । बेनीबजारदेखि गाडीमा तीस मिनेट यात्रा गरेपछि पछै पुग्न सकिन्छ ।

# नेपालको सार्वजनिक ऋण २० खर्ब सात अर्ब

रासस
काठमाडौं, १६ पुस

चालू आर्थिक वर्ष २०७९/८० को पहिलो त्रैमाससम्म कूल सार्वजनिक ऋण रु २० खर्ब सात अर्ब ८४ करोड पुगेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको पहिलो त्रैमासिक प्रतिवेदनअनुसार गत असार मसान्तको तुलनामा असोज मसान्तसम्ममा सार्वजनिक ऋण शून्य दशमलव २७ प्रतिशतले घटेको हो । गत असार मसान्तसम्ममा नेपालको कूल सार्वजनिक ऋण रु २० खर्ब १३ अर्ब २९ करोड बराबर थियो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार पहिलो त्रैमासिक अवधिसम्ममा नेपालको कूल बाह्य ऋण रु १० खर्ब ५० अर्ब २३ करोड छ भने आन्तरिक ऋण रु नौ खर्ब ५७ अर्ब ६१ करोड बराबर छ । यो आँकडा गत असार मसान्तसम्मको ऋणको अवस्थासँग तुलना गर्दा बाह्य ऋण रु २४ अर्ब ३८ करोडले बढेको र आन्तरिक ऋण रु २९ अर्ब ८३ करोडले घटेको हो ।

चालू आवको पहिलो तीन महिनामा सरकारले कूल २४ अर्ब ७० करोड बराबर बाह्य ऋण उठाएको छ । यही अवधिमा आन्तरिक ऋण उठाएको छैन । पहिलो त्रैमासमा रु पाँच अर्ब ८४ करोड बराबर बाह्य ऋण तिरेको छ । विदेशी मुद्रामा लिएको ऋण विनियमदरमा भएको वृद्धिका कारण थप रु पाँच अर्ब ५२ करोड तिर्नुपर्ने पनि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । यही अवधिमा आन्तरिक ऋणको साँवा र ब्याजका रुपमा रु २९ अर्ब ८३ करोड भुक्तानी गरिएको छ । अहिले नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को आकार रु ४८ खर्ब ५१ अर्ब ६२ करोड बराबर छ । जिडिपी आकारसँग नेपालको सार्वजनिक ऋणको अवस्था तुलना गर्दा ४१ दशमलव ३८ प्रतिशत पुगेको छ । जसमध्ये बाह्य ऋण २१ दशमलव ६४ प्रतिशत र बाह्य ऋण १९ दशमलव ७३ प्रतिशत बराबर हो ।


## Pokhara Metropolitan City
## Office of Municipal Executive
Newroad, Pokhara

## Invitation for Re-Bids

**IFB No: 21/PMC-Re/079-080**
**( First Date of publication: 2079/09/17)**

1. Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara invites online bids for SQ Contracts under e-procurement system from eligible bidders for the construction of Projects mentioned below;

| SN No. | IFB No. | Description and location of work | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 21.2/PMC/ 079-080 | Procurement and Supply of Thatched Hay ( Paral), PMC (Contract ID 65/PMC/SQ/G/079-80) | NA | 1,000 | 50,000.00 | 75 days |

2. Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| For NCB Contract | January 16, 2023 | 13:00 | January 16, 2023 | 12:00 | January 16, 2023 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | 3020100301010002 | 3020100303000002 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (12th Amendment, 2079).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding..
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**